# थुलुङ दूधकोशी गाउँपालिका

## प्रधानाध्यापक छनौट प्रतियोगिता लिखित परीक्षाको पाठ्यांश

**उद्देश्यः**

**यस पाठ्यांशको अध्ययनपश्चात प्रत्यासीहरूमा निम्नलिखित सक्षमता हुनेछ ।**

**क) संज्ञानात्मक पक्षमा**

- परिरवेश अनुसारका नेतृत्व शैलीहरुको जानकारी ,
- विद्यालयसँग सम्बन्धित सरोकारवाला ( स्थानीय सरकार शिक्षक, विद्यार्थी, अभिभावक, राजनीतिक दल, जनप्रतिनिधि, समुदाय) बीच समन्वय र सहकार्यका विविध उपायहरू पहिचान,
- मितव्ययी स्रोत व्यवस्थापनका तरिकाहरूको जानकारी ,
- वितरित न्याय प्रणाली लगायतका सामाजिक न्याय सुनिश्चित गर्ने तरिकाहरूको जानकारी
- बालमैत्रीपूर्ण तथा प्रविधिमैत्री शैक्षिक वातावरण तयार गर्ने उपायहरूको पहिचान
- परिवेश अनुसारका अनुगमन एवम् सुपरीवेक्षण विधिहरूको जानकारी ,
- शिक्षकको पेशागत विकासका लागि अपेक्षित सक्षमताको जानकारी ,
- सरकारले अङ्गिकार गरेको नीति अनुरूप आजका विद्यार्थीलाई 'समृद्ध नेपाल र सुखी नेपाली' बनाउने उपायहरूको खोजी
- विद्यालय विकासमा आफ्नो तथा सामुहिक भूमिकाको पहिचान
- शिक्षकको वृत्ति विकास सम्वन्धी कानुनी व्यवस्थाबारे जानकारी ,
- शिक्षकहरूलाई अद्यावदिक गर्ने तरीकाहरूको जानकारी,

- शिक्षकका स्थानीय, प्रादेशिक, तथा राष्ट्रिय संघ संगठनलाई पेशागत सक्षमता विकासमा सहयोगी बनाउने तरिका ,
- हर विषयलाई एकीकृत ढङ्गले पढाउने तरिकाको जानकारी,
- प्रत्येक विषयका पाठहरूलाई वैज्ञानिक, जनमुखी, व्याबहारिक तथा उत्पादनमुखी बनाउदै विद्यार्थीमा कम्तीमा एउटा गरिखाने सीप प्रदान गर्ने तरिका,
- द्वन्द व्यवस्थापनका विविध तरीकाहरू ।

**ख) सीपका पक्षमा**

- स्थानीय आवश्यकतासँग मिल्नेगरी पाठयोजना तथा विद्यालय सुधार योजना बनाउने सीप,
- स्थानीय, प्रादेशिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा उपलब्ध भौतिक, मानवीय, तथा आर्थिक स्रोतको पहिचान तथा परिचालन गर्ने योजना,
- मोवाइल तथा कम्प्युटर जस्ता आधुनिक प्रविधिहरूको प्रयोग गरी शिक्षण गर्ने सीप,
- विद्यार्थी, अभिभावक, जनप्रतिनिधि, तथा शिक्षामा क्रियाशील व्यक्ति तथा शिक्षकहरूको चासो सङ्कलन गर्ने तथा त्यसलाई विद्यालयीय कार्यक्रमको अङ्ग बनाउने सीप,
- हर कुरामा के, किन, केलाई, कसरी, जस्ता प्रश्न गर्ने तथा गराउने तरिका अपनाई विद्यार्थीहरूलाई अनुसन्धानमुखी बनाउने कला,
- रैथाने तथा शास्त्रीय ज्ञानमा विज्ञान खोजी तिनलाई पाठ्यक्रममा जोडने कला ।

**ग) अभिवृत्तिका पक्षमा**

- **सकारात्मक सोच**
- सर्जक चिन्तन ,
- सम्भावना खोज्ने तथा खोजाउने बानी ,
- समन्वय, सहकार्य, संम्झौता गरी विद्यालयको विकासमा सदा समर्पित हुने आदत ।

| एकाइ | विशिष्ट उद्देश्य | पाठ्य विषय |
|---|---|---|
| १. | • नेतृत्वको अर्थ तथा परिभाषा दिन<br>• नेतृत्वका शैली उल्लेख गरी आफ्नो विद्यालयको परिवेशमा उपयुक्त हुने शैलीका सम्बन्धमा तर्क दिन<br>• शिक्षक तथा विद्यार्थीको नेताका रूपमा प्र. अ.को भूमिका प्रष्ट पार्न | **नेतृत्व कौशल**<br>• नेतृत्वको अर्थ-परिभाषा,<br>• नेतृत्वका शैली - सिद्धान्त,<br>• शिक्षामा नेतृत्वको अर्थ<br>• प्रधानाध्यापक एक नेताका रूपमा |
| २. | • स्रोत व्यवस्थापनका उपाय अपनाउन<br>• मितव्यायी रूपमा आर्थिक स्रोत परिचालन गरेर पनि उपयुक्त शैक्षिक वातावरण निर्माण गर्न | **स्रोत व्यबस्थापन**<br>• आर्थिक व्यवस्थापनको अर्थ<br>• आर्थिक व्यवस्थापनका स्रोत<br>• मितव्ययीताका तौरतरिकाहरू |
| ३. | • स्रोत र अवसरको समन्यायिक वितरणको व्यवहारिक प्रयोगको | **सामाजिक न्याय**<br>• सामाजिक न्यायको अर्थ |

| | | |
|---|---|---|
| | आवश्यकता पहिल्याउन | • विद्यालयमा सामाजिक न्यायको महत्व<br>• शिक्षकलाई सामाजिक न्याय<br>• विद्यार्थीमा सामाजिक न्याय<br>• न्यायपूर्ण कक्षा व्यवस्थापन |
| ४. | • आधुनिक शिक्षण विधि र प्रविधिबारे बताउन<br>• शिक्षण विधि र प्रविधिको फरक र अन्तर्सम्बन्ध, पहिल्याउन<br>• शैक्षिक योजना निर्माणबारे सैद्धान्तिक प्रतिमान पहिल्याउन<br>• योजना अनुगमन तथा सुपरिवेक्षणको आवश्यकता र महत्त्व बताउन | **शिक्षण विधि र प्रविधि**<br>• आधुनिक शिक्षण विधि<br>• शिक्षण विधि र प्रविधिमा फरक<br>• शिक्षक विधि र प्रविधिको अन्तर्सम्बन्ध<br>• शैक्षिक योजनाको अर्थ<br>• शैक्षिक योजना निर्माण प्रक्रिया<br>• वार्षिक कार्यतालिका निर्माण, प्रक्रिया |
| ५. | • शिक्षकमा अपेक्षित सक्षमता बताउन<br>• शिक्षकको पेशागत विकासमा प्र.अ.को भूमिका पहिचान गर्न | **शिक्षक सक्षमता**<br>• शिक्षक सक्षमताको अर्थ<br>• शिक्षकमा अपेक्षित सक्षमता<br>• शिक्षकमा सक्षमता विकासमा प्रधानाध्यापकको भूमिका<br>• सक्षमता विकासका स्रोतहरू |

| | | |
|---|---|---|
| ६. | • शिक्षकको वृत्ति विकास सम्बन्धी कानुनी व्यवस्था प्रष्ट पार्न<br>• शिक्षकका वृत्ति विकासमा प्र.अ. को भूमिका स्पष्ट पार्न<br>• शिक्षासम्बन्धी संवैधानिक व्यवस्था उल्लेख गर्न | **वृत्ति विकास र कानुनी व्यवस्था**<br>• वृत्ति विकासको अर्थ<br>• शिक्षक विकासका आयामहरू<br>• शिक्षक पदोन्नतिको वर्तमान व्यवस्था<br>• शिक्षक, प्रधानाध्यापकको सेवा सुविधा<br>• स्थानीय सरकारले प्रयोग गर्न पाउने शिक्षा सम्बन्धि अधिकार |
| ७. | • समृद्धिका आधार बताउन<br>• समृद्धिका लागि शिक्षामा आफ्नो भूमिकाको पहिचान गर्न | **समृद्धि**<br>• समृद्धिको अर्थ र आयाम<br>• समृद्धिका लागि शिक्षा<br>• शिक्षालाई समृद्धिको आधार बनाउन प्रधानाध्यापकको भूमिका |
| ८. | • द्वन्द्वका कारण पहिल्याउने तरिका बताउन<br>• द्वन्द्व व्यवस्थापन र समन्वयका उपाय पहिल्याउन | **द्वन्द्व व्यवस्थापन**<br>• द्वन्द्वको अर्थ र आयाम<br>• विद्यालयमा द्वन्द्वका कारणहरू<br>• द्वन्द्व व्यवस्थापनका |

| | | |
|---|---|---|
| | | उपायहरू<br>● समन्वयका शैली |

## सीप जाँच्नका लागि २५ प्रतिशत अङ्क भारको विद्यालय विकास योजनाको प्रारूप

प्राक्कथन, योजनाको सारांश  विषय-सूची

१. विद्यालयको परिचय

१.१ ऐतिहासिक पृष्ठभूमि

१.२ भौगोलिक अवस्था

१.३ विद्यालय रहेको समुदायको बनोट

१.४ विद्यालय सेवा क्षेत्र

१.५ विद्यालयमा सञ्चालित कार्यक्रम

**२. विद्यालय सुधार योजना निर्माण प्रक्रिया**

२.१ पछिल्लो विद्यालय सुधार योजनाको समीक्षा

२.२ विद्यालय सुधार योजना निर्माण प्रक्रिया

**३. विद्यालयको अवस्था विश्लेषण**

३.१ विद्यालयको वर्तमान अवस्था विश्लेषण

३.२ मुख्य समस्या र समाधानका उपायहरू

**४. योजना निर्माण**

४.१ विद्यालयको दूरदृष्टि

४.२ उद्देश्य

४.३ आवश्यकता पहिचान एवम् प्राथमिकीकरण

४.४ लक्ष्य निर्धारण

४.५ पाँच वर्षका लागि कार्यकलाप निर्धारण

४.६ पाँच वर्षका लागि बजेट अनुमान

**५. पहिलो वर्षको वार्षिक कार्यान्वयन योजना**

५.१ विस्तृत कार्यकलाप र बजेट

५.२ वार्षिक कार्य तालिका

५.३ अनुगमन योजना

**अनुसूची**

माथिका ज्ञान, सीप तथा अभिवृत्तिमा आधारित रही प्रश्नहरू गरिने छ । ज्ञान जाँच्न संज्ञानात्मक प्रश्नहरू सोधिने छ । सीप जाच्न तत्स्थानमै परियोजना बनाउनु पर्नेछ । अभिवृत्ति जाच्नका लागि अन्तर्वार्ता लिइने छ ।

**मूल्याङ्कन**

प्रधानाध्यापक सिफारिस प्रतियोगिताका लागि जम्मा १०० पूर्णाङ्कको परीक्षा सञ्चालन गरिनेछ परीक्षाको अङ्क विभाजन निम्नानुसार हुनेछ ।

संज्ञानात्मक क्षमता जाँचका लागि लिखित परीक्षा – ५० प्रतिशत

सीप जाच्नका लागि योजना निर्माण– २५ प्रतिशत

अभिवृत्ति जाच्नका लागि अन्तर्वार्ता – २५ प्रतिशत

लिखित परीक्षाका लागि माथि तोकिएको पाठ्यक्रममा आधारित भई प्रश्नहरू सोधिनेछन् । विद्यालय विकास योजना तोकिएको प्रारूपमा प्रस्तुत गर्नु पर्नेछ ।

लिखित परीक्षाका लागि तोकिएको पाठ्यक्रम तथा विद्यालय विकासका लागि स्वयम् प्रतियोगीले निर्माण गरेको विद्यालय विकास योजनामा आधारित भई अन्तरवार्तामा प्रश्नहरू सोधिने छन् ।

**तयारीका लागि सन्दर्भ सामग्रीहरू**


- अधिकारी विष्णुप्रसाद (२०७५) ***शिक्षाशास्त्र र नेपालमा शिक्षा***, काठमाडौँ : आशिस बुक हाउस
- कोइराला, विद्यानाथ, (२०६४, २०६८, २०७१), ***शिक्षामा वैकल्पिक चिन्तन***, काठमाडौँ : सामाजिक अनुसन्धान र सामग्री विकासका लागि प्राज्ञिक मञ्च । गुडविल प्रकाशन । बागबजार, काठमाडौं ।
- कोइराला, विद्यानाथ, (२०७२ ), शिक्षामा सोचान्तरण, माइलस्टोन प्रकाशन तथा प्रसारण ।
- खनाल, पेशल (२०७४) ***शैक्षिक अनुसन्धान पद्धति***, काठमाडौँ : सनलाइट पब्लिकेशन ।
- लम्साल, हरिप्रसाद (२०६४) ***समकालीन शैक्षिक चुनौति र भावी दिशा***, काठमाडौँ : सोपान मासिक,
- शर्मा, गोपिनाथ (२०६०) ***नेपालमा शिक्षाको इतिहास भाग १ र २*** काठमाडौँ : मकालु प्रकाशन ,
- **थुलुङ दूधकोशी गा.पा. को शिक्षा ऐन** ।
- शिक्षा आयोगका प्रतिवेदनहरू उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग २०७५ समेत)
- ***विद्यालय क्षेत्र सुधार योजना, (२०६६-२०७२)*** काठमाडौँ : नेपाल सरकार शिक्षा मन्त्रालय ।

- ***शिक्षक मासिकका विविध अंकहरु , २०७५ र २०७६ साल ।***
- ***विद्यालय क्षेत्र विकास योजना (२०७३-२०७९)*** काठमाडौँ : नेपाल सरकार शिक्षा मन्त्रालय,
- ***विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप (२०७५)*** नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय ।
- **नेपालको संविधान २०७२**
- ***शिक्षा ऐन (२०२८) नवौं संशोधन***
- ***शिक्षा नियमावली,***
- ***प्रस्तावित सङ्घीय शिक्षा ऐन,***
- ***शिक्षक शिक्षा जर्नल***का बिभिन्न अङ्कहरू, (प्रकाशक शैक्षिक जनशक्ति विकास केन्द्र)
- ***शिक्षकको पेसागत विकास कार्यान्वियन पुस्तिका (२०६६)*** शैक्षिक जनशक्ति विकास केन्द्र ।
- वस्ती, शरच्चन्द्र, घिमिरे सुदर्शन र विश्वकर्मा बाबुराम (२०७३), ***शिक्षक स्रोत पुस्तक,*** काठमाडौँ : सिकाइ समूह
- ***विकासका निम्ति शिक्षा*** (वर्ष ४१,अङ्क २१ २०७४) काठमाडौँ त्रि.वि. शिक्षा विकास तथा अनुसन्धान केन्द्र
- काफ्ले वाशुदेव र अन्य, (२०६८) ***शिक्षामा सामाजिक न्याय***, काठमाडौँ सनलाइट पब्लिकेशन,
- ***बहुभाषिक शिक्षा कार्यान्वियन निर्देशिका - २०६६*** : नेपाल सरकार शिक्षा मन्त्रालय ।
- ***नमूना विद्यालय व्यवस्थापन निर्देशिका (२०७४)*** नेपाल सरकार शिक्षा मन्त्रालय ।
- ***विद्यालय सुधार योजना निर्माण सहयोगमी पुस्तिका २०६४*** : नेपाल सरकार शिक्षा मन्त्रालय ।

- Rijal, Rishi Ram (2070) constructivist perspective on Teacher Development, Kathmandu : Subhakamana Prakashan .

नोटः थप जानकारीका लागि यूट्यब, ट्याबलेट, तथा गुगलको सहयोग लिन सक्नुहुन्छ ।

**नमूना प्रश्नावली**

**ज्ञान सम्वन्धी परीक्षाका लागि**

नेतृत्व शैलीका सिद्धान्तहरुको सूची बनाउनुहोस । सोही सूचीको आधारमा **थुलुङ दूधकोशी गाउँपालिकाका प्रधानाध्यापकहरूको शैली विश्लेषण गर्नुहोस । आफ्नै विश्लेषणलाई टेकेर थुलुङ दूधकोशी गाउँपालिकाका प्रधानाध्यापकहरुले कुन कुन विद्यालयका लागि कस्तो नेतृत्व शैली अपनाउनुपर्छ ? तपाईले भने अनुसारको शैली अपनाउदा शिक्षामा के कस्तो सुधार वा रुपान्तरण हुन सक्छ ?**

**सीप सम्वन्धी परीक्षाका लागि**

**१. दिनमा ६ पिरियड पढाउनुपर्ने शिक्षकका लागि सहज हुने पाठ योजनाको नमूना बनाउनुहोस**

**२. प्रत्येक विद्यार्थीलाई अनिवार्य रुपमा कुनै न कुनै सीप सिकाउने योजना तथा अपेक्षित लागत सहितको प्रस्तावना तयार पार्नुहोस ।**

**अभिवृत्ति सम्वन्धी परीक्षाका लागि**

१. दलितका ज्ञान तथा सीपलाई कसरी हेर्नुहुन्छ ? तपाईंको बुझाइको आधारमा ती ज्ञान तथा सीपको भविष्य के देख्नुहुन्छ ? तपाईले थुलुङ दूधकोसी

गाउंपालिकाका कुनै विद्यालयमा प्रधानाध्यापकको जिम्मेवारी पाउनुभयो भने दलितका ज्ञान तथा सीपको संरक्षण, विकास, तथा पठनपाठनमा समायोजनगर्न के के गर्नुहुन्छ ?